રવીન્દ્રનાથ ઠાકુર

ગીતાંજલિ

અનુવાદક :

ખગેન્દ્ર કુમાર પ્રધાનાણી

गीताञ्जलि

रवीन्द्रनाथ ठाकुर

अनुवादक

खगेन्द्रकुमार प्रधानाङ्ग


प्रकाशक

नेपाल-भारत-मैत्री संघ

प्रकाशक
नेपाल-भारत-मैत्री संघ
काठमांडौं : नेपाल

मूल्य : रु० ४.५०

मुद्रक
तारकेश्वर पाण्डेय
ज्ञानपीठ प्राइवेट लिमिटेड,
पटना-४ (भारत)



गुरुदेव रवीन्द्रनाथ टैगोर

शत वार्षिकी
समारोहमा
उनै
श्री गुरुदेवलाई
सुम्पें ।

—खगेन्द्र

भूमिका

बंगालमा जन्मेका कवि विश्वका कवि भए। उनको बंगाली भाषामा रचिएको गीताञ्जलि विश्वको सम्पत्ति भयो।

'गीताञ्जलि', 'खेया', 'गीतवितान', 'नैवेद्य' इत्यादि अनेकौं संकलनका रूपमा विश्वकवि रवीन्द्र नाथ ठाकुरले आफ्नो मातृ-भाषामा धेरै गीतहरू लेखेका थिए। पछि श्री एन्ड्रूजको प्रेरणाले तिनै गीतहरू मध्ये १०३ ओटाको अंग्रेजीमा अनुवाद गरेर, अंग्रेजीमा यौटा संग्रह निकाले। यसै संग्रहमा तिनलाई संसार प्रसिद्ध 'नोवेल प्राइज' प्राप्त भो। यसको मूल्य ८००० पौंड मात्र भएतापनि विश्व विख्यातिको निम्ति यो अनमोल पुरस्कार हो। यसरी संसारले टैगोरलाई चिने। अझ साँचै भनूँ भने रवीन्द्रको विश्व ख्याति भन्दा 'नोवेल प्राइज' को मान नै बेसी बढ्यो किन भने सबै नोवेल पुरस्कार विजेता रवीन्द्र जत्तिकै यशस्वी हुँदैनन्। यो कुरा पुरस्कार वितरकहरू पनि मान्छन्।

उनका यी गीतहरूले मानिसहरूलाई यत्ति सारो मुग्ध बनाए कि संसारका प्रायः सबै भाषामा यिनीहरूलाई गद्यमा नै सही, भावलाई मात्र लिएर सही, अनुवाद नगरी बस्न सकेनन्। यसप्रकार अनूदित गीताञ्जलि पनि अरु भाषाभाषीका निम्ति अत्यन्त काव्यमयी मिठासले भरिएको हुन गयो। यसको प्रचलन पनि कल्पनातीत

भयो। एक जर्मन प्रकाशकले मात्र जर्मनीमा गीताञ्जलिको ५० लाख भन्दा बेसी पुस्तक बेचे। १९१२मा अंग्रेजीको पहिलो संस्करण प्रकाशित भएथ्यो। त्यसपछि यसको अनगिन्ति संस्करण निक्लि सक्यो। वर्ष - वर्षमा होइन एक महीनामा तीन-चार संस्करण निकाल्न पर्‍यो। यसरी यसको लोकप्रियता बढ्न थाल्यो।

हिन्दीमा पनि दुइ-तीन जनाले अनुवाद गरेका छन्। यिनीहरूमा अंग्रेजी अनुवादको सोझो अनुवाद नगरी बंगलाबाट अनुवाद गरी भाव, शब्द र अलंकारको उत्तिकै निकटतामा आउने चेष्टा गरेका छन्। र पनि ती अनुवादक-हरूले जस्ताको तस्तै रवीन्द्रको शब्द सौन्दर्य, भाव विन्यास मीठो अनुप्रास र अलंकारलाई उही छन्दमा उही लयमा पद्यानुवाद गर्न नसकेर सो मिठास ल्याउन सकिएन भनी हार स्वीकार गरेका छन्। यसरी पद्यानुवाद कुनै पनि भाषामा अहिले सम्म हुन सकेको छैन। नेपालीमा पनि अंग्रेजीकै ठाडै गद्यानुवाद भएको छ श्रीशंकरदेव पन्तबाट। मौलिक बंगलाबाट अंग्रेजीमा आउँदा नै आधा सौन्दर्य र मिठास लुप्तभै सकेको छ, त्यसको पनि नेपालीमा आइपुग्दा छोक्रामात्र रहन गएको छ। यसैले अहिले सम्म कतैबाट कुनै भाषामा प्रयास नगरिएको कुरालाई मौलिक बंगला-बाट जस्ताको तस्तै, त्यही छन्दमा, त्यही लयमा, सकेसम्म तिनै वा तिनै जस्ता शब्दहरूको, अनुप्रासको र अलंकारको सौन्दयलाई सकेसम्म बेसी मात्रामा उतार्नलाई यो पद्या-नुवाद गर्ने मेरो कोशिश हो। कसैले यसलाई शब्दानुवाद पनि भन्लान् कसैले भावानुवाद भएन भन्लान्, कसैले छायानुवाद भयो भन्लान्। जे होस् बंगला नजान्ने नेपालीको निम्ति बंगला गीताञ्जलिको झल्को पन

जावस यही मेरो प्रयास हो। भाव ता आफै तानिएर आउँछ नै। मेरा कतिपय साथीहरूले, तिनै भावलाई लिएर आफ्नै शैलीमा कविता रचे अझ राम्रो हुन्छ त्यस्तै गर भन्ने सल्लाह पनि दिए। तर त्यसरी मौलिक बंगलाको मिठास आउँदैन भन्ने मेरो मनमा निश्चय भै सकेको छ। मैले त्यसरी भावलाई मात्र लिइ काव्यानुवाद गरेका २।४ टुक्राहरू भारतीमा पनि प्रकाशित भैसकेकै छन्। त्यसैले जस्ताको तस्तै गर्नु नै सबभन्दा राम्रो र नौलो कुरा हुन्छ भन्ने मैले अठोट गर्न पाएँ। यसैको सिलसिलामा, मलाई हिन्दीका अनुवादकहरूले पद्यानुवाद गर्न नसकेकोमा खेद प्रकट गरेका कुराको संझना भएर आउँछ। रवीन्द्रको बंगला निबन्ध संग्रह 'साहित्य' को हिन्दी अनुवाद गर्नेलाई पनि मलाई पर्न आए जस्तै कुराको अनुभव गर्न परेको कुरा निजले आफ्नो भूमिकामा स्पष्टसँग बताएका छन्। "ज्ञानको वस्तुको एक भाषाबाट अर्को भाषामा रूपान्तरित गर्न सकिन्छ। यो पनि सम्भव छ कि अर्को भाषामा गरिएको रूपान्तर मूलरूप भन्दा पनि ज्यादा राम्रो हुन सक्छ।... ....परन्तु भावको विषयमा यो कुरा असम्भव छ। त्यस्ले जुन मूर्त्तिलाई अँगाल्छ त्यसबाट अलग हुनै सक्तैन।"— साहित्यको सामग्री। कवीन्द्रको त्यो गद्य पनि काव्य जस्तै भएकोले प्रत्येक शब्दलाई विशेष ध्यानमा राखेर अनुवाद गर्न जांदा तिनका एक जना साथीले मलाई मेरा साथीले भने झैं, भावलाई लिएर आफ्नै वाक्य बनाए राम्रो होला भनी भने थे। मैले झैं तिनले पनि त्यसको प्रतीकार गर्नु परेको थियो। दोश्रो संस्करणको भूमिकामा पनि तिनले यसकुराको पुष्टि दिंदै लेखेका छन् कि तिनै साथीलाई उनको शब्दानुवादको महत्त्व थाहा हुन गो।

बंगलाका भने अनुभव नभएका तर हाम्रा निक्कै ठूला साहित्यिक कसै कसैको मनमा यस्तै कुराहरू पर्न गएकाले मैले यो स्पष्टीकरण दिन पऱ्यो, नत्र भने मैले भूमिका नै नलेख्ने विचार गरेथें। कमसे कम अनुवादकले के चाहेको हो त्यो कुरा पाठकहरूको सामने राख्न पर्ने नै भइ आउँदो रहेछ। र ता साधारण पाठकहरूलाई नामूदहरूले भतिभ्रममा राखि छाड्ने मौका न आउला।

बंगलाबाट सोझै अनुवाद गरिएकोले बंगला गीताञ्जलिबाट राम्रा लागेका गीतहरूको अनुवादको सिलसिला मेरै छ। अंग्रेजी संस्करणको सिलसिलामा पनि छैन, बंगलाको सिलसिलामा पनि छैन। तर पनि अंग्रेजीमा अनूदित प्रायः कविताहरू पनि यसमा समावेश हुन जाउन् यो पनि ध्यानमा राखिएको छ।

आफ्नो मौलिक कविता लेख्न भन्दा अर्काको कविताको रूपान्तर गर्न धेरै-धेरै कठिन पर्दो रहेछ। त्यसकारण त्यही प्रवाह, त्यही माधुर्य, त्यही सरसता मौलिकमा जत्तिकै ल्याउन:ता मुस्किलकै कुरा हो। तर त्यसको सकेसम्म नजीक पुग्ने चेष्टा भने अवश्य गरिएको छ। यही गीताञ्जलिको रसास्वादन गर्न मात्र पनि धेरैले बंगला सिके। गीतको रूपान्तर गीतमा नै नभएर पनि अन्य भाषाभाषीले यो कुरा बेहोर्नु परेको होला। यसै कुराको अभावपूर्ति मेरो गीति रूपान्तरले नेपाली समाजलाई गरिदेला कि भन्ने मेरो आशा हो।

उपनिषद्का अध्यात्मवादी रूखा विचारलाई सौन्दर्यको पुट दिएर ती शाश्वत भावलाई चिरनवीन र अमर बनाए कवीन्द्र रवीन्द्रले आफ्ना सृजनात्मक गीतहरूले। झलक्क हेर्दा पलायनवादी जस्तो देखिन्छ तापनि पलायनवादको

फोश्रो उडान यहाँ छैन। मन र चेतना देखि परतिरको अनन्त आनन्दलाई अगाँल्न सकेका यी गीतहरूले हिलैमा गाड़िएर पनि हिलोदेखि चोखो कमलको फूलको संझना दिन्छ। यी गीतहरूमा संसारका अरु कविहरूका कवितामा जस्तो हृदयका दुर्बलताको निराशावादी रंगीन चित्रण छैन। विरह, विषाद र विक्षेपग्रस्त मनको चिच्याहट पनि यिनमा छैन। यसमा अलौकिक आशा, मिर्मिरे उज्यालोको झलमलाउँदो आभा झिलमिली छ। संसारमा स्रष्टाको सुन्दर सृष्टिकै माध्यम द्वारा बाँच्ने, जीवनको इच्छा पुरा गर्ने, जीवनको अमर संदेश यिनमा छ। उदास चित्तलाई यसमा आनन्द छ, हतोत्साहीलाई जीउँदो प्रेरणा छ। जीवनको उद्देश्य छलङ्गँ देखिन्छ। वैदिक ऋचाहरूमा झैँ यिनमा पनि परिपूर्णता छ। यो अहिले सम्मका अरु कविहरूका काव्यमा कमै पाइएला। रवीन्द्रको प्रेरणा वैदिक ऋचाहरूबाट नै भएको होला जस्तो छ। किनकि यिनीहरूमा धेरै ताल मेल खान्छ।

नेपाली साहित्य संसारमा धुलाको कणा जस्तो मात्र भए पनि यसलाई गन्ति गरिएछ भने मैले केही गरेँ जस्तो मलाई लाग्ने छ।

"तिम्रो यज्ञमा दिएका छौ भार,
फुक्छु म बाँसुरी
गान गानमा गुँथेर घुम्छु
प्राणको रून्चेहँसी।"

—खगेन्द्र

दुइशब्द

नेपाल र भारतको सनातन सम्बन्धलाई सुदृढ एवं सौहाद्रपूर्ण तुल्याउने नेपाल-भारत-मैत्री संघको उद्देश्य हो। भारतीय तथा नेपाली साहित्यको पारस्परिक आदान-प्रदान-ले नेपाल-भारत-मैत्री संबन्ध अझ सुदृढ एवं सौहाद्रपूर्ण हुनेछ भन्ने हामीलाई विश्वास छ। तदनुसार विश्व-विख्यात कवीन्द्र रवीन्द्रनाथ ठाकुर रचित नोबेल पुरस्कार पुरस्कृत 'गीताञ्जलि' को नेपाली अनुवाद पाठक वर्ग को समक्ष प्रस्तुत गरेका छौं।

प्रस्तुत उत्कृष्ट कृतिबाट नेपाली साहित्य-प्रेमीहरू अवश्य लाभान्वित हुनेछन् भन्ने हामिले आशा राखेका छौं।

अन्तमा 'गीताञ्जलि' का अनुवादक श्री खगेन्द्रकुमार प्रधानाङ्गजीको यस सुन्दर प्रयासको सराहना जर्दै नेपाल-भारत-मैत्री संघ उहाँ प्रति आभार व्यक्त गर्दछ।

नेपाल-भारत-मैत्री संघ
(प्रकाशन विभाग)

गीताञ्जलि

निधार मेरो नत गरिद्यौ हे प्रभू
चरणधुलोमुनि
सकल अहंकार हे मेरा
डुबाउ आँशुमुनि ।

आफुमा गरदा गौरव दान
गर्छु आफ्नै खालि अपमान
ममाथि आफै घोरिई खालि
मुछु म घोरिएरै ।
सकल अहंकार हे मेरा
डुबाउ आँशुमुनि ।

नगरुँ म मेरो केही प्रचार
मेरो आफ्ना लागि;
सधाउ तिम्रा सकल इच्छा
मेरो जीवन लगी ।

पाउँ म तिम्रो चरम शान्ति,
प्राण भरीलो परम कान्ति,
विराज आई उभिई तिमी
हृदयपद्म माथि ।
सकल अहंकार हे मेरा
डुबाउ आँशुमुनि ।

२

वासना प्राणपण मेरो चाहना
वचायौ खोसी वासना।
यो कृपा कठोर संचित होस्
मेरो जीवन भरी।
नचाही मैले जे दियौ दान,
आकाश आलोक तनु मन प्राण,
बनाई योग्य सोही महादान
मलाई लिन्छौ अति इच्छाको
संकटवाट बचाई मलाई।

कहिले भुल्छु म कहिले चल्छु
पथको तिम्रो लिएर लक्ष,
निष्ठुर तिमी सम्मुख परी
जान्छौ पर पर सरी।
यही तिम्रो दया जानी जानी
फिराउँछौ लिन चाहुँला भनी,
पूर्ण बनाइ लेउ जीवन
बनाई योग्य तव मिलन,
आधा इच्छाको संकटवाट
बचाइ मलाई।

३

आज राति आँधि बतास
तिम्रो अभिसार साथी !

आकाश काम्छ भई हतास,
नीद छैन मेरो आँखामाथि,
खोलेर दैलो हे प्रियतम,
वार वार गर्छु म छाम छुम,
हे मेरा प्राणप्रिय साथी !

बाहिर सक्तिन म केही देख्न
कता पऱ्यो तिम्रो पथ भनन।

सुदुर कुन नदीपार
गहन कुन वन तीर
गहिरो कुन तिमिरमा
तिमी आउँछौ तरी तरी
हे मेरा प्राणप्रिय साथी !

अंतर मम विकसित गर
अंतरतर हे।
निर्मल गर, उज्ज्वल गर,
सुन्दर गर हे।

जाग्रत गर, उद्यत गर,
निर्भय गर हे।
मंगल गर, निरलस निःसंशय गर हे।
अंतर मम विकसित गर
अंतरतर हे।

युक्त गर हे सर्वसित,
बन्धन गर मुक्त,
संचार गर सब कर्ममा
छन्द तिमरो शान्त।

चरणपद्ममा मम चित निस्पन्दित गर हे,
नन्दित गर, नन्दित गर,
नन्दित गर हे।
अंतर मम विकसित गर
अंतरतर हे।

प्रेम प्राण गान गन्ध आलोक पुलकमा
प्लावित गरी निखिल स्वर्ग र पृथिवीमा

अमल अमृत तव झर्‍यो सवतिर।
दिशा दिशा आज चुँड़िई सकल बन्ध
जाग्यो भएर मूर्त उठी आनन्द;
जीवन भयो अमृतमय गहन।

चेतना मेरो कल्याण-रस-सरसमा
कमलदल झैं फुलेर परम हरषमा

सब महती राखी तिम्रो चरणमा।
नीरव उजेलीमा जाग्यो हृदयदलमा
उदार उषा-उदय-अरुण कान्ति,
अलस नयनावरण गयो हटी।

६

तिमी नयाँ नयाँ रूपली आउ प्राणमा ।
आउ गन्ध-वरणमा, आउ गानमा ।

आउ जीउमा पुलकमय परशली,
आउ मनमा अमृतमय हरषली,
आउ मुग्ध मुदित दुइ नयनमा ।
तिमी नयाँ नयाँ रूपली आउ प्राणमा ।

आउ निर्मल उज्ज्वल कान्त,
आउ सुन्दर स्निग्ध प्रशान्त,
आउ आउ हे विचित्र विधिमा ।

आउ दुःखमा सुखमा मर्ममा,
आउ नित्य नित्य सब कर्ममा,
आउ सकल कर्म अवसानमा ।
तिमी नयाँ नयाँ रूपली आउ प्रणमा ।

आज खेतमा घामछायामा
लुकामारि खेल,
नील नभमा कल्ले ल्यायो
सफेद बादल भेल ।

आज भ्रमर भुल्यो मधु खेतमा
घुम्छ उड़ी उजेलीमा ती
यो कस्को नदी तराइमा
आजरे रम झम !

अरे भाई जाँदिन रे आज घर,
जांदिन आज घर ।
अरे आकाश फोर्‍यो कस्ले बाहिर
लिन्छु म वटुलेर ।

भेल पानीमा फीजं राशि राशि
हावामा आज उड़्छ हँसि
आज विनाकाम बजाई बाँसुरी
बितला सकल वेला ।

आज सुखसागरबाट
आयो बाढ़ी हान्,
दाँड़लिई आज बस रे सबै,
तान् रे सबई तान् ।

भार जति होस् भारी
हुन्छु म पार दुख-तरी,
बाढ़ीपारि पुग्छु म गाउँ
गए जावस् मेरो प्राण ।
आज सुखसागरबाट
आयो बाढ़ी हान् ।

डाक्छ पछाड़िबाट को
मनाहि गर्दछ को,
को डरको कुरा गर्छ आज
सब जान्दछ डर छ !

कुन् आपले कुन् ग्रहदोषमा
बसेको छु सुख सयलमा
पालको डोरी कस्छु धरि
हिंड़्छु म गाई गान ।
आज सुखसागरबाट
आयो बाढ़ी हान् ।

तपाइंको स्वर्ण थालिमा सजाउँछु आज
दुखालु अश्रु धार।
जननी हे, उन्छु म तपाइंको
गलाको मुक्ताहार।
चन्द्र सूर्य पाउ तल छन्
हारीमा जड़िजड़ान्,
तपाइंको छातिमा पाउला शोभा
दुखालु अलंकार।

धन धान्य प्रभुको धन
के गर्छौ भनन।
दिन चाहन्छौ मलाई क्यौ,
लिन चाहन्छौ लेउ।
दुःखत मेरो घरको कुरो
दामी जुहार तिमी पो चिन्छौ,

प्रभु प्रसाद दिई त्यही किन्यौ,
यो मेरो अहंकार।

१०

लाग्यो अमल धवल पालमा
मन्द मधुर हावा ।
देखिनँ कहिल्यै देखिनँ
नाउ येति वगुवा ।

कुन् सागरपारिवाट ल्यायो
कुन् सुदूर धन ।
चाह्यो भासिन मन,
फालिजाउँ लाग्छ यही किनारमा
सब इच्छा सब कुरा ।

पछाड़ि झर्दछ झर्झर जल
कराई कराई डाकछ,
मुखमा पर्दछ अरुण किरण
फारी बादल झ्याल ।

अरे रून्ची, को रे तिमी, कस्को
हाँसो रुवाइको धन,
मर्छ सोची मेरो मन
कुन् सुरमा आज यंत्र मिलाउने
के मंत्र गाउने ।

आयौ मेरो आँखा तिरमिराई।
के हेरें हरे हृदय दिई।
मालतीमुनि आसपासमा
झरुवा फूलको रासरासमा
शीतले भिजुवा घांसघांसमा
अरुण लाल चरण फाल्यौ।
मेरो आंखा तिरमिरायौ।

घामछायाको घुम्टो झरी
छरिएको छ वन भरी
फूलहरू मुख ताकी-ताकी
मन् मन् केको साउती।

गर्छु म तिमीलाई वरण,
काढ़न घुम्टो काढ़न
त्यही त्यो मेघावरण
दुइ हातले फालिद्यौ।
मेरो आँखा तिरमिरायौ।

वनदेवीको ढोका ढोकामा
सुनें गहिरो शंखध्वनी,
आकाशवीणा तार-तारमा
जाग्यो तिमरो आगमनी।

कता सुनको चाँप बजेझैँ
बुझेँ मेरो हृदय भाझैँ,
सब भावमा सब काजमा
पाषाण पग्ली सुधा पाऱ्यौ ।
मेरो आँखा तिरमिरायौ ।

जननी, तिम्रो करुण चरण दल
देखें भर्खर यै अरुणकिरण रूपमा।
जननी, तिम्रो मरण हरण बोल
नीरव गगनमा भरियो चुपचाप।

तिमीलाई पुज्छु हे सकल भुवनमा
तिमीलाई पुज्छु हे सकल जीवनमा;
तन मन धन गर्छु आज निवेदन
तिम्रो पूजनमा भक्तिपावन।

जननी, तिम्रो करुण चरण दल
देखें आज यै अरुणकिरण रूपमा।

१३

जगतमाथि उदार सुर
आनन्द गान बज्यो,
त्यै गान कहिले गभीर भई
बज्छ मुटुको माझ परी।

वतास जल आकाश आलो
कहिले सबै हुने उज्यालो,
हृदयसभा जड़िई अनि
बस्छ साज सजी।

नयन दुइ कहिलें मिली
प्राण हुने खुशी,
वाटोलागी जुन् वाटो जाउ
सबमा देउ तुषि।

तिमी छौ यो कुरा कहिले
जीवनमा सहज हुने—
कहिले तिम्रो तपाइं नाम
काज काजमा घन्किने।

मेघमाथि मेघ जमेर आयो
अँधेरो जता जता—
मलाई किन बसाइ राख्यौ
एक्लो सँगारमा।

कामको दिन काम-काजमा
छौ नानातिर दुनिया भरी,
आज म छु हे आशले बसी
तिम्रै आश्वासमा।
मलाई किन बसाइ राख्यौ
एक्लो सँगारमा।

तिमी यदि लौ देखा परेनौ
गरी मलाई हेला,
के गरी हरे बिताउँ येता
भनन बादल-वेला।

जुभ्ला आँखा दूरबाट नि
भन्ने आशा राखेर बसी
पराण मेरी काम्छ घुमी,
दूरन्त हावामा।
मलाई किन बसाई राख्यौ
एक्लो सँगारमा।

१५

कता उज्यालो, कता अरे उज्यालो।
विरहानलमा वल्यो रे त्यो वल्यो।

नछ दियो नता छ शिखा,
के यही थियो मेरो लेखा—

वरुता मरण होला कति भलो।
विरहानलमा प्रदीप ज्वाला वल्यो।
वेदनाहरू गाउँछन् 'अरे प्राण,
तिम्रालागि जागे भगवान।

निशीथ घन अंधकारमा
डाके तिमीलाई प्रेमाभिसारमा,

दुःख दिइ राखे तव मान
तिम्रालागि जागे भगवान।
मेघले ढाक्यो गगन - तल,
झर झर झऱ्यो बादल-जल।

घोर यो राति कस्कालागि
सहसा मेरो प्राण जाग्यो,

यसरी किन गर्छ मरी मरी।
बादल-जलगिऱ्यो झरी झरी!

१६

बिजुलि खालि क्षणिक आभा दिने,
झन् बढ़ी कालो आँखामा हुने।

न जाने कता कति पर
सुनियो गान गाढ़ा सुर,

सकल प्राण तानियो वाट वाटै
झन् बढ़ी कालो आँखामा दिंदै।
कता उज्यालो, हरे कता उज्यालो।
विरहानलमा वल्यो रे स्यो वल्यो।

डाक्दछ मेघ, हांक्दछ हावा,
सकिएन जान बितिगो वेला,

निविड़ निशा निकषघन कालो।
प्रेम प्रदीप प्राण पाइ बल्यो।

१७

आज घन साउन आयो मोहनी लायो
गुप्त चरण सुट्ट हाल्यो,
निशा भँइ रे नीरव भई
सबको दृष्टि बचाइ आयो।

प्रभातले आज चिम्ल्यो आँखा,
बतासले डाकिहिंड्छ वृथा,
नीलाजनील आकाश ढाकी
निविड़ मेघ कल्ले दल्यो।

कूजनहीन काननभूमि,
डाम्डुम घर दैला थुनी
एक्लो तिमी पथिक को
पथिकहीन पथ परि।

एक्लो साथी हे प्रियतम,
उघ्रिएको घर छ मम,
अगाड़िबाटै सपनासरी
नजाउ मलाई हेलामा हाली।

१८

असार संध्या गाढ़ा भयो,
गयो दिन वगो रिम रीम।
बन्धनहारा वृष्टिधारा
झर्दछ झम झम।

एक्लो बसी घर कुनामा
गुनी गुनी के निज मनमा,
भिजुवा हावा युथीवनमा
के कुरा भन्छन् गुन गुन।
बन्धनहारा वृष्टिधारा
झर्दछ झमझम।

आज हृदयमा उठयो छाल,
खोजी पाइनँ कही कूल।
सौरभमा प्राण कामी कामी
भिज्यो वनको फूल।

प्रहरहरू अँधेरो राति
कुन सुरमा आज भरी भरी
कुन भूलमा सकल भूली
आज आकुल छन्।
बन्धनहारा वृष्टिधारा
झर्दछ झम झम।

१९

हे मेरा देवता, भरेर यो देहप्राण
के तिमी चाहने गरन अमृतपान।

मेरो नयनमा तिमरो विश्वछवि
साधना गर्दछ हेरन तव कवि—
मेरो मुग्ध श्रवणमा नीरव रही
सुनिलिने चाह छ तिम्रो गान।

हे मेरा देवता, भरेर यो देहप्राण
के तिमी चाहने गरन अमृतपान।

मेरो हृदयमा तिम्रो सृष्टि खानी
रचेर राख्यो विचित्र एक वाणी।

तिम्रो त्यही सँग प्रभू, मिलेर प्रीति
जगाइ राख्यो मेरो सकल गीति,

देखिन्छौ तिमी मर्मा मधुर रसमा
ममाथि निजैलाई गरी दान।

हे मेरा देवता, भरेर यो देहप्राण
के तिमी चाहने गरन अमृतपान।

न जाने कुन आदिकाल देखि
मेरो जीवन स्रोतमा भासिई,
सहसा हे प्रिय, कति घरतिर
राखि गयौ प्राणमा कति हरषन ।

कतिवार तिमी मेघमा आड़लिंदा
उभिई कति मिठो हांसिदिंदा,
अरुण किरणमा चरण बढाउंदा
निधारमा राखिदियौ शुभ परशन ।

यी आंखामा भएर संचित
कति लोकमा कति काल काल
कति नयाँ नयाँ उजेली उजेलीमा
अरूपको कति रूप दरशन ।

कति युग युग, जानेर कोही पनि,
प्राण उठंयो भरिई भरिई
कति सुख-दुःख कति प्रेमगानमा
अमृतको कति रस बरषन ।

२१

मेरो यही गान झन्काई तार
सकल अलंकार,
राखिन तिमी छेउनि अरु
साजको अहंकार।

मिलनमा आड़लिएर
परी जो माझ अलंकार,
तिम्रो कथा ढाक्दछ तार
मुखर झंकार।

तिमीछेउ के टिक्छ मेरा
कविका घमण्डी कुरा,
महाकवि तिम्रो चरणमा
राख्न म खोज्दछु त्यहाँ।

जीवन राख्छु जतन गरी
बजे यदि सरल वंशी,
दिउँला भरी आफ्ना सुर
सकल छिद्र तार।

यसरी आड़लिएर लुकिदिएर
काम चलेन,
अवता हृदयमित्र लुकिवस,

कोही न जान्ला, कोही न बोल्ला।
भवमा तिम्रो लुकामारि
देश - विदेशमा कति घुमी,

अवता भन, मेरो मन कुनामा
वसिदिने, न छलन।
आड़ लिएर लुकिदिएर
काम चलेन।

मेरो हृदय कठिन भनी
पाउ राख्न योग्य न ठानी
तिम्रो हावा लागेर हियो
प्राण के न होला गिलो।
तत्र भने छैन अरु साधना,
झरेर तिम्रो कृपा कणा।

निमेषमा फुल्दैन र फूल
छकपरी फल्दैन र फल।
आड़ लिएर लुकिदिएर,
काम चलेन।

२३

तिमी देखन पाइन भने, प्रभु,
अब यो जीवनमा
तिमीलाई पाइन नि यही कुरा
रहने भयो यहाँ।
नपाई बिरसन, वेदना पाई
बिपना सपनामा।

दुनियाको यो हाटमा
मेरा जति सुकै कटे दिन,
मेरा दुइ हातभरी जति पाउँ धन,
रपनि पाइनँ केही पनि भनी
रहने भयो यहीँ
नपाई बिरसन, वेदना पाई
बिपना सपनामा।

यदि अलसी भई
म बसिरहे वाटो परि,
धूलामाथि पातमा सुती सुती,
पथछ अझै बहुत बाँकी भनी
रहने भयो यहीँ।
नपाइ बिरसन, वेदना पाई
बिपना सपनामा।

हेरें अहरह तिम्रो विरह
भुवन भुवनमा लह लह।
कति रूपले कानन भूधरमा
आकाश सागरमा टह टह।

सारा रातभरी तारा-तारामा
अनिमेष आँखा नीरव उभी,
पालुवा दलमा साउन जलमा
बज्यो तिम्रो विरह।

घर-घरमा कति वेदना भरी
विरह तिम्रो गडियो गहिरी,
कति वासना कति प्रेममा
सुख दुख कति काजमा।

सकल जीवन उदास पारी
कति गान सुरमा गलेर झरी,
विरह तिम्रो भरियो थलथली
मेरो हियो माझ परी।

२५

छँन अरु वेला, वल्र्यो छाया
धरणीमा,
हिँडन अवता कलस भर्न
घाटमा ।

जलधाराको कलकलमा
सन्ध्या गगन आकुल पारी,
अरे डाक्यो मलाई बाटो परि
त्यही ध्वनिमा ।
हिँडन अवता कलस भर्न
घाटमा ।

अहिले विजन पथमा आउने जाने
कोही भएन
अरे प्रेम नदीमा उठ्यो छाल
हावा उत्ताल ।

जान्दिन फिर्छु कि फिर्दिन म,
को सँग होला आज परिचय,
घाटमा बाँसुरी बजाई त्यै अचिनुवा
बस्छ नाउमा ।
हिँडन अवता कलस भर्न
घाटमा ।

जब म खेलथें तिमी सँग सँगै
त्यतिवेला थाहाछ ती कुरा तिमीलाई
त्यतिवेला न थियो डर, न त लाज मनमा,
बित्थ्यो अशान्त जीवनी।
तिमीले विहानी वेला कति डाक दियौ
मेरा आफ्ना प्रिय साथीं भैं
हाँसी तिम्रै पछि पछि दगुरी
वन वनान्त डुलें दिन कति।
तिमी गाउँथ्यौ ती सब गान
को जानुन् माने केही त्येति वेला
खालि तिम्रै सुरमा गाउँथ्यो मेरो प्राण,
सधैं नाच्थ्यो हृदय अशान्त
हठात् खेलपछि के देख्छु म छवि—
स्तब्ध आकाश, नीरव शशि रवि,
तिमरो चरण तल नयन नत
उभिएको छ भुवन एकान्त।

२७

मेरो नाम दिई जो ढाकिएको छ
यही झ्यालखानमा रोइरहेछ।

जति दिन राति सकल भूलले
नामको पर्खाल लाउँछु आकाशिने
उति मेरो नामको अँधेरोमा
देख्दिन आफुलाई आफुमा।

माटोमाथि माटो थपी थपी
मेरो नाम पु-याउँछु झन् माथि माथि।

एकातिर होला पछि प्वाल
मेरो मन मानेन अड़िन हाल,
जतन गर्छु जति असत्यमा
देख्दिन उति आफुलाई आफुमा।

२८

कहिलेदेखि भेटन मलाई
तिमी आइरहेछौ
तिम्रा रवि शशि कता
लुकाउँछन् तिमीलाई ।

कति विहानी कति साँझ
सुनिसकें पाउको आवाज,
साट्सुट दूत हृदय भीत्र
मलाई डाकेर गो ।

मेरो प्राण आज किन
लाग्दछ कसो कसो
रही रही हरष वही
काम्दछ नसो नसो ।

लाग्दछ आज आएछ समय,
गरिदिन मेरो कामको विलय,
तिम्रो छरी छरी सुगन्ध,
वतास बह्यो मन्द मन्द ।

२९

कति अनजानृसित जान पहिचान गरिदियौ,
कति घरमा कति ठाउँ दिलाई दियौ—
परको वर गरिदियौ, बन्धु,
पराई बनाई भाई ।

पुरानो घर जब जान्छु छाडी
के होला भनी लाग्दछ छटपटी
नूतनमा नै तिमी पुरातन
बिर्सिदिने . मेरो छ बानी
परको वर गरिदियौ, बन्धु
पराई बनाई भाई ।

जीवन मरणमा निखिल भुवनमा
जता पनि तिमी लान्छौ,
चीर जनमको परिचित उही
तिमी सबै चिन्हाई दिन्छौ ।

तिमीलाई चिनेपछि छैन पराई
मनाहि छैन, छैन डर पनि,
तिमी जगाई दिन्छौ मिलाई सबलाई—
सधैं मैले दर्शन पाई ।
परको वर गरिदियौ, बन्धु,
पराई बनाई भाई ।

प्रभू,   तिम्रै लागि आँखा खुल्यो;
देखन पाइनँ
पथ पाउँ न,
रुपनि राम्रै मनमा लाग्यो।
ढोका अगाड़ि भुइँमा बसी
हृदय हाय रे भिखारी
तिम्रो करुणा माग्यो।
कृपा पाइनँ
चाह छ पाउन,
रुपनि राम्रै मनमा लाग्यो।

आज जगत माझमा
कति सुखमा कति काजमा
सबै हिँड़ि गए अघि।
साथी पाइनँ
तिमी पाउँ न
रुपनि राम्रै मनमा लाग्यो।

चारतिर सुधाभरी
व्याकुल श्यामल धरणी
रोयो अनुरागमा
देखन नपाई,
व्यथा पाई,
रुपनि राम्रै मनमा लाग्यो।

३१

यही-ता तिम्रो प्रेम, प्रभू
हृदय हरण
यही-जो उज्यालो छरी पात भरी
सुनको चरण।

यही-जो आलस भरी
आकाश परि बादल छरी
यही-जो देहभरी बतास छरी
अमृत क्षरण।
यही-ता तिम्रो प्रेम, प्रभू
हृदय हरण।

विहानीको किरण धारमा मेरो
नयन तिर्मिरियो,
यही तिम्रो प्रेममय वाणी
प्राणमा भरियो।

तिमी निहुरी निहुरी हेर्छौ,
मेरो आँखामा जुधाई नयन,
हृदय मेरो आज गर्छ परशन
तिम्रो चरण।

३२

म यहीँ बस्छु खालि यहीं,
तपाँईको गाइ गान
दिनुहोस् तपाँईको जगतमा
यही मलाइ स्थान।

म ता तपांईको भुवनमा
लागिन नि केही काजमा
खालि तानी तान सूरमा बज्यो
बेकामको यही प्राण।

रातको नीरव देवालयमा
तपाँईको आराधन,
हुँदा मलाई हुकुम होस्
गाउन हे राजन्।

विहानी जब आकाश भरी
बज्ला सुनको वीणा सुरिली
हुन नपाऊँ म अति दूर
मलाई पाउँ यही मान।

३ ३

अब अरु आफ्नै काँधमा आफुलाई
बोक्दिन म
अब अरु कंगाल भैं द्वारमा आफ्नै
बस्दिन म
यहि जानो तिम्रै पाउमुनि

राखिवरि हिँड्छु म लापरवाही—
खोजी खबर लिन्न म त्यस्को,
केही कुरा नै गर्दिन म।
आफ्नै काँधमा आफुलाई
बोक्दिन म।

जेलाइ छुन्छ त्यही जो
मेरो वासना
उज्यालो उलाई निभाइ दिन्छ
छिनमा।

अरे तेरा दुइ फोहरी हातले
जे ल्याइस म ता नलिने
प्रेममा तिम्रो वजेन भने
ह्यो अरु सहँदिन म
आफ्नै कांधमा आफुलाई
बोक्दिन म।

जब तिमी गाउन लाउँछौ
गर्वले छाती भरिई आउँछ हौ,
मेरा गह दुइ भई जल थल
हेरें मुखमा तिम्रै टुलटुल ।

कठिन कटु जति छन् मेरा प्राणमा
गलेर जालान् अमृतमय गानमा,
मेरा सब साधना आराधना
चरी झैं पखेटिन खोज्छ सुखमा ।

तृप्त तिमी मेरा गीत रागमा,
मन प-यो तिमीलाई मन प-यो,
जान्दछु यही गीत गाएर
गाएर बसें अगाडि तिम्रो ।

मन दिई जो पहुँच नपाइने
गाइ गान उही चरण छुन पाइने
सुरको मादमा तपाँईलाई भुली,
मेरा प्रभू डाक्छु म बन्धु भनी ।

हे गुणी कसरी गाउँछौ तिमी गान,
छक्कपरी सुन्छु म खालि सुन्छु दिइ कान,
लयले भयो भुवन उज्यालो झिलिमिली,
लयको हावा गगन भरी चल्यो उड़ी उड़ी।
व्याकुल वेगमा हुरिई धुलियो चट्टान नि
बहेर गयो अबाध गतिले लयको ध्वनि।

त्यसरी नै म पनि गाउन खोज्छु लय हाली
घाँटी तानी तानी गला खोज्छु पाईनँ नि।
बोलन खोज्छु कति बोली किन हुन्थ्यो गान,
कामन थाल्छ हार मानी मानी मेरो अब प्राण,
तिमीले हाल्यौ मलाई कुन खाउलामा
मेरो वरिपरि जाल बुनी लयको गीतमा।

३६

मलाई टिप नगरी ढीलो
मेरो मनमा डर छ ठुलो।
झर्ला र पछि पर्ला कि
हिलो धुलो।
फूलमालामा पाउलाकि ठाउँ
जान्दिन यही फूल
टिपेर द्यौ एक शूल
मलाइ टिप नगरी ढीलो।

दिन कहिले बितेर जाला
पत्तो न पाउँला।
रङ धमिलो वास अमिलो
नहोला लौ गुनिलो,
लगाउ तिम्रै सेवामा कोपिलो
समय छँदै टिपिल्यौ।
मलाई टिप, मलाई टिप,
नगरी ढीलो।

बालकलाई राजपोशाक लगाईदिए,
हीरामोती पहिराइदिए—
खेलको फल आनन्द सबै जाला वैलाई ए,
वसन भूषण हुनन् विषम भार।

लाग्लाकि धुलो होलाकि मैलो,
फाट्ला कि भई धुजो धुजो,
यही डरले राख्दछ तिमीलाई पर परैं
त्यही भावना लिएर पनि

बालकलाई राजपोशाक लगाइदिए,
हीरामोती पहिराइदिए।
के हुन्छ, आमा, यसरी सजेर पनि राजाभैं
के हुन्छ हीरामोती भिरेरै

उघारिदियौ भने दैलो उड्ला बीच सडकमा
हावा घाम धुलो वङ् वङ् गाउँमा।
त्यहाँ जहाँ विश्व जन मेला,
समस्त दिन खेलर जाला,
चार दिशा विराट गाथा बज्छ हजार सूरमा,
त्यहाँ त्यस्तो नपाउला अधिकार—
बालकलाई राजपोशाक लगाइदिए,
हीरामोती पहिराई दिए।

३८

जहाँनेर छन् सबमा अधम दीनमा अझ दीन
त्यहींनेर छन् चरण तिम्रा विराजमान
सबका पछि सबका उँधै
सर्वहाराहरुसँगै ।

तिमीलाई म प्रणाम गरुँला
कहाँनेर गै प्रणाम थामला,
अपमानमुनि चरण तिम्रो ओर्लन पुग्ला
पुग्लार खै प्रणाम मेरो त्यही ठाउँमा
सबका पछि सबका उँधै
सर्वहाराहरुसँगै ।

जहाँ तिमि घुमिहिँड जदाउरीमा
अहंकारले पहुँच पाएन त्यहीठाउँमा
सबका पछि सबका उँधै
सर्वहाराहरुसँगै ।

घन र मानमा भरेलीहरुमा
खोज्छु तिमी पाउने आशमा—
असहायको घरमा गई बस्छौ साथी भई
मेरो हृदय ओर्लन सकेन उहीं
सबका पछि सबका उँधै
सर्वहाराहरुसँगै ।

३९

भजन पूजन साधन आराधना
थंक्याउ कुनामा ।
ढोका बन्द मन्दिरको कुनामा
किन आइस हाँ ।

अन्धकारमा लुकाइ मन मनमा
कस्को पूजा गरिस हाँ एकान्तमा,
आँखातानी हेर हेर्न चाहे—
घरमा छैन देवता रे ।

तिनी त्यहीँ छन् जहाँ कृषकहरू
वाँझो मारिरहेछन्—
ढुङ्गा कुँदी बाटो कुँदिरहेछन्
जो खट्छन् वाह्र महीना ।

घाम पानीमा रूझीभिजी साथ-साथमा,
धुला भरी छन् उहांका दुइ हातमा,
तिमी पनि तिनी झैं शुचिवसन छाडी
आउ लौ धुलामाथि माथि ।

मुक्ति ? अरे मुक्ति कहाँ छ पाइने,
कहाँ छ मुक्ति ?
आफै प्रभुले सृष्टि बन्धन पहिरी
बांधिएका छन् सबसँग ।

थन्क्याउ ध्यान, छाड़िद्यौ फूलको ढकी,
दागिलो वस्त्र धुलो दलिमर्मल,
काँधसँग काँध मिलाई कर्म योगमा
उनीसँगै मिल पसिना धारमा।

यहीं मेरो गान गाउने आशा थियो
गाइएको छैन गाना—
आज खालि सूरसार मात्र साधियो
खालि गाउने चाहना ।

मेरो बसेको छैन नि सूर—मेरा
मिलेका छैनन कुरा, -
खालि प्राणमा अलमलिइ बस्यो
गानको व्याकुलता ।

आज फुटेको छैन नि फूल, खालि
बहेको एक हावा ।
मैले देखिन रे उसको मुख, मैले
सुनिन रे उस्को वाणी,
खालि सुनें छिन छिनमा उसको
पाउको पदध्वनि ।
मेरो सँगार बाटै गरे उनले
जब आउने जाने ।

खालि आसन बाँधी बसें मेरोमा
सारा दिन भर—
घरमा बलेन दीयो अझ पनि, अनि
कसरी डाकुं म
बस्छु पाउने आशा लिइ उनै
अहँ नि अझ पाइनँ ।

जगतमा आनन्द यज्ञमा मलाई निमंत्रण,
धन्य भयो धन्य भयो मानव जीवन ।
नयन मेरो रूप बजारमा
धीतमारी हेर्छ घुमी घुमी
श्रवण मेरो गभीर सूरमा
हुंदछ मगन ।

तिम्रो यज्ञमा दिएकाछौ भार,
फुक्छु म बाँसुरी ।
गान गानमा गुँथेर घुम्छु
प्राणको रून्चे हँसी ।

अब ता समय भयो कि ।
सभामा गई हेरन तिमी
जयध्वनि सुनेर जाउ,
यो मेरो निवेदन ।

४२

प्रेमको हातमा थमाइ दिउँ
भनी रहें बसी,
अति ढीलो हुन गयो,
दोषी अनेक दोषी ।

विधिविधान बाँधने डोरी
लिएर आए झन म सें र
उनलाई हुने शास्ति लिन
लिन्छु म संतोषले ।
प्रेमको हातमा थमाई दिउँ
भनी रहें बसी ।

दुनिया गर्छन् मलाई निन्दा
ह्यो निन्दा होइन झूटा,
सकल निन्दा शीरमा थापी
बस्छु अभ मुनि ।

बितिगयो रे अब वेला
उठ्यो किन्बेचको मेला
मलाई डाक्न आएका ती
फिरे रिसाई रिसाई ।
प्रेमको हातमा थमाई दिउँ
भनी रहें बसी ।

४३

नबोलिबसे धारी मौन
न गरे केही कुरा।
हृदय भरी वहन गर्छु
तिम्रो नीरवता।

स्तब्ध भई बस्छु पड़ी
रजनी सरी पखिबसी
बालेर तारा निमेषहारा
धैर्यमा अवनता।

होला होला विहान होला,
अँधेरो काटिजाला।
तिम्रो वाएणी सुनको धारा
आकाश फुटेर झरला।

मेरा चरीको हर गुंड़मा
उड्ला कि बोली तिम्रो भाषमा
तानमा तिम्रो फुटला फूल
मेरो वनलता ?

४४

उनी आई सँगै बसिरहेथे
म जागिन नि।
कति ठूलो नींद आयो तँलाइ नि,
हतभागिनी।

आएका थे नीरव रातमा,
वीणा थियो निजको हातमा,
सपना भरी बजेर उठ्यो
गभीर रागिनी।

उठेर देखें दखिन हावा,
बनाइ बहुला
उसको गन्ध भासिइ उड्यो
बनाइ काला।

जान्छ मेरो रजनी किन
नजिक पाइपनि पाउँदिन,
उसको मालाले पनि किन
छाति छोएन।

बाँधिएका छन् बाधा, म खोज्छु फुकाउन
फोउन जाँदा बज्छ व्यथा।
मुक्ति चाहँदा आउँछु तिमी सँग
चाही जाँदा मर्छु लाजले येता।

जान्दछु तिमी मेरो जीवनमा श्रेयतम,
छैन अरु केही धन तिमी सम
रपनि घरका अरु झिटि झामटी
फेँकिदिन सक्दिन नि।

तिमीलाई ढाकी धुलाले ढाकी हियो,
राशि राशि मरण ल्यायो
भरेर प्राण मता घृणा गरी
मलाई त्यै तर रमाइलो।

उति छ अझ बांकी छल छन् कति कति
कति छन् विफलता, कति छन् छोप छापी
मेरो मलाई त्यै चाहंदा डराउँछु
सफलता पाउँछु कि भनी।

हिँडें म एकलै बाहिरतिर,
तिम्रो अभिसारमा,
मसँगसँगै को आयो लागेर
नीरव अँधेरोमा ।

छाड़न खोज्छु अनेक गरी,
घुर्छु कि म त्यो जान्छ सरी
ठान्छु कि म आपद टर्‍यो—
देख्छु म फेरि उही ।

पृथिवी त्यो कमाई चल्छ
विषम चञ्चलता,
त्यो हो मेरो म हे प्रभू
उलाई कहिल्यै भएन लाज
मर्छु म आफु लाजले
जान म तिम्रो द्वार ।

संसारमा अरु जति छन्
मेरा मायालु
मलाई राख्छन् कसेर बाँधी
तिनीहरू।

तिम्रो ठुलो प्रेम सबमा
तिम्रो त्यही नूतन धारा,
नबाँधिराख, लुकेर बस,
फुक्का राखन दास।

अरु ती सबै भुलेर जाला
भनी दिएनन् हुन एकला।
दिन पछि दिन बितेर गयो
देखिनँ तिमी देखिनँ।

डाकुँ कि नडाकुँ तिमीलाई,
जे मन लाग्ला गरुँला बसी,
खुशी तिम्रो आस लिएर
बस्छ मेरो खुशी पाउन।

४८

तिनीहरू दिउँसो आएथे
मेरा घरमा—
भनेथे, यौटा कुना
वरु कुर्छौं।

भनेथे, देवसेवामा
हामी सहारा हुन्छौं—
जे जति होला प्रसाद मिल्ला
पूजापछि।

यसो गरेर दरिद्र क्षीण
मैला लुगामा
संकोचले यौटा कुना
कुरेर बसे।

देखें राति प्रबल भई
मेरा देवालयमा पसी,
फोहर हातले पूजा बली
हरण गरे।

तिमीलाई म मेरै बनाइ राखूँ
मेरो खालि त्यै म बाँकी राखूँ ।

हेर्छु म तिमीलाई चारदिशा,
मिसाई तिमीमा सब कुरा,
जोगाई तिम्रै प्रेम निशि दिवा,
मेरो इच्छा खालि त्यै बाँकी राखूँ—
तिमीलाई म मेरै बनाई राखूँ ।

तिमीलाई म कहीं पनि नढाकूँ,
मेरा केवल त्यै बाँकी राखूँ ।

मेरो प्राण भरी तव लीला,
राखिदियौ जो संसारमा
बाँधिई बसूँ तिम्रै हाते डोरीमा
त्यै मेरो बन्धन बाँकी राखूँ—
तिमीलाई म मेरै बनाई राखूँ ।

५०

मेरो यात्रा अवता सकियो
मन्ने ठानें मनमा, टुङ्गो लाग्यो ।

बाटो चिनिनँ, अरु काज अब जानिनँ
सकिएछ सामल जाः थाहा पाइनँ,
जान पर्‍यो सरी नीरव अन्तरालमा
जीर्ण जीवनमा छिन्न मलिन भेषमा ।

आज पत्तो पाएँ, यो के नसकिने लीला,
यो के नवीनता बह्यो अन्तः शीला ।
पुरातन भाषा मर्दछ जब मुखमा,
नवगान उठ्यो उमड़ी जें मुटुमा,
पुरातन पथ शेष भयो जहाँ
त्यहाँ म ल्याइएँ नूतन देशमा ।

तिमीलाई म चाहना गर्छु,
चाहना तिमीलाई
यै कुरा नै मनमा सधैं
ध्याउना लिन्छु ।

हिँड्छु घुमी दिन राति
यता र उता वासना ली
झूटा हुन् ती सब झूटा
चाहन्छु तिमी म ता ।

उज्यालोलाई पाउनलाई
रात राख्यौ जसरी लुकाई
उसरी गहीरो मोह माझमा
चाहन्छु तिमी म ता ।

शान्तिमा आँधी गर्दछ खलबल
तब प्राण खोज्दछ शान्ति पलपल
उसरी तिमीलाई आघात गरी
चाहन्छु तिमीलाई ।

५२

सुकेर जान्छ जीवन जब
बनेर आउ करुणधारा।
सकल माधुरी सुकेर गए,
बनी आउ गीतलहरा।

प्रबल कर्म जमेर जब
चारतिर ढाक्दछ गरजी,
हृदय प्रान्तमा नीरवनाथ
आउ शान्त चरणली।

तपाईंलाई मानेर कृपण
बस्छ कुनामा जब दीन हीन मन
खोलेर दैलो हे उदार नाथ,
राजसमारोहले आउ।

वासना जब भरेर धुलो
पार्छ अजानमा बनाई कानो
हरे पवित्र, हरे अनिद्र,
आउ बनी आलोक रुद्र।

एक नाउमा हामी दुइ जन खालि
जाउँला बहो काने खुशि थियो,
हामी तीर्थगामी जानोइन क्वै त्रिभुवनमा,
कता हिंडे कता कुन देशमा कुन देशमा ।

कूलहीन त्यै समुद्र माझमा
सुनाउँला गान कानमा तिम्रा,
भाषा छालझैं बन्धनहारा,
मेरो त्यै गान सुनेर हांस्ला नीरवता ।

भएन कि आज वेला, के काम तिम्रो बाँकी छ ।
ए हौ हेरन आयो संध्या सागरतीरमा ।
रीम रीम उजेलीमा चरी मिले चरी गुँड़मा
जहानबीचमा सब मिले फिरीफिरी,

तिमी आउने कहिले घाटपरि
डुँगा फुकाईदिन रे फुक्का गरी
डुलुवा घामको किरण सरीं
नाउ निशीथ बीचमा जाला मनपरि ।

२४

तँले सुनिनस् कि कसो सुनिनस् उनको पाउध्वनि,
तिनी लौ आए, आए, आए ।
युग युगमा पल पलमा दिन राति
तिनी लौ आए, आए, आए ।

गाउँछ जब जति गान
मनको लहरमा मन मन
सब सुरमा बज्यो उसकै आगमन
तिनी लौ आए, आए, आए ।

फागुन दिनमा वनको बाटो
तिनी लौ आए, आए, आए ।

दुखपरि परम दुखमा
उन्कै चरण बज्छ छातिमा,
सुखमा कहिले बोलाई दिन्छन्
स्पर्शन ।
तिनी लौ आए, आए, आए ।

तव सिंह्रासन आसनबाट
तिमो ओर्लिआयौ
मेरो विजन घर सँघारनेरै
उभियौ, नाथ, अड़ियौ ।

एकलो बसी मन मनमा
गाइरहेथेँ गान,
पसेछ तिम्रो कानमा तान
तिमी ओर्लिआयौ
मेरो विजनघर सँघारनेरै
उभियौ, नाथ, अड़ियौ ।

तिम्रो भरीसभामा कति गान
कति छन् कति गुणी;
आज बज्यो बेसुर गान
प्रेममा तिम्रो हाली तान ।

लाग्यो विश्वतान माझमा
एउटा करुण सूर,
लिएर हातमा वनमाला
तिमी ओर्लिआयौ
मेरो विजन घर सँघारनेरै
उभियौ, नाथ, अड़ियौ ।

३६

त्यही तिम्रो आनन्द ममाथि
र ता तल आयौ तिमी
म न हुँदो हुँ ता हे भगवन
कहाँनेर हुने थियो तव प्रेम ।

मलाई लिई लगायौ यही मेला,
मेरो हृदयमाझमा खेलियो रस खेला,
मेरो जीवनमा विचित्र रूप धरी,
प्रभूको इच्छा लहरियो ।

त्यही ता तिमी राजाका राजा भई
मेरो हृदय जितिलियौ
कति मनहारी भेषमा डुल्यौ
प्रभू नित्य मन तान्यौ ।

त्यही ता, प्रभू, यहाँ तल आयौ
भक्तप्रेममाथि प्रभूको प्रेम ल्यायौ
मूर्ति हजुरको युगल मिलनमा
भयो पूर्ण चहकिलो ।

रागिनी मेरो पुरियोस् आखिरी गानमा
मेरो सब आनन्द मिलून् उही सूरमा।

जुन आनन्दमा पृथिवी हाँसून्
घांस तरुलता अधीर होऊन्
जुन आनन्दमा दुई बहुला भैं

जीवन मरण घुमून् भुवनमा
त्यही आनन्द मिलोस् उही सूरमा।

आउँछ आनन्द जो भरी भई,
अट्टहासमा सुतुवा प्राण जगाई।

जुन आनन्द बस्तछ गहजलमा
दुःख वेदना कमल दलमा
जे जति छन् फ्यांकिदिइ धूलोमा

बोली न फुटोस् जुन आनन्दमा
त्यही आनन्द मिलोस् उही सूरमा।

५८

चिरदिन जीवनमा
रह्यो जो आभासमा,
बिहानीजो उजेलीमा
छिलिएन प्रकाशमा,

जीवनको शेष दान
जीवनको शेष गान,
हे देवता त्यही आज
चढाउँछु प्रभूमा

बिहानी जो उजेलीमा
छिलिएन प्रकाशमा ।

कुरा गरी सिरिखुरी
बाँधिएन तर पनि
सूर दिई गीत उही
साधिएन कति पनि ।

निभृतमा चुपचाप
मोहन नवीन रूप
निखिल नयनबाट
ढाकिएकी, साथी, ती ।

बिहानी जो उजेलीमा
छिलिएन प्रकाशमा ।

सकुँलाकि योग दिन यही छन्दमा,
खसेर जान भासिइजान
भाँचिइन नै आनन्दमा ।

थापेर कान सुनिनस्
दिशा दिशा गगन बीच
मरणवीणा कसरी बज्यो
घाम-र तारा-चन्द्रमा
बालेर आगो कुदाकुदमा
बलिजान नै आनन्दमा ।

लठ्याउने गानको तानमा
कता धाउँछन् पत्तो न पाइने
छैन रे मन पछि फिरने
बाँधिइ वस्न नचाहने
लुटिएर नै छुटिएर नै
हिँड़िरहनै आनन्दमा ।

सोही आनन्द चरण तल
छ ऋतु नाच्छन् बजाई मादल
पृथिवी भरी स्रावन बही
वरण गीत गन्धमा
फालिदिनमै छाड़िदिनमै
मरेर जानै आनन्दमा ।

देवता जानी टाढ़ै बस्छु उभिई,
गरिन आदर आफना जानी ।

गर्छु प्रणाम पाउमा पिता भनी,
दुइ हात मिलाइनँ साथी भनी ।

तिमी मेरा अति सहज प्रेममा
ओर्लिआयौ मेरा भई जुन ठाउँमा
सुखमा त्यहीँ छातिको ठीक बीचमा
ठानिनँ तिमी साथी भनेर ।

दाजु भाइमा तिमी दाजु भाइ, प्रभू,
भनिनँ तिनमा तब केही पाउँ
दाजु भाइमा भाग लाएर मेरो धन
किन मुठा तिम्रो भरिनँ ।

सबै सुख दुखबाट भागी
उभिइनँ तिम्रो अगाड़ि नि,
क्लान्तिविहीन काजमा पौड़िखेली
प्राणसागरमा बुड़िनँ नि ।

प्रभूघरबाट जुन दिन आएथ्यो
वीरको दल
त्यो दिन कता थियो कता लुकेथ्यो
विपुल बल ।

कता थियो ढाल अस्त्र कता,
क्षीण दरिद्र अति असहाय,
चारतिरबाट पारियो आघात
अनर्गल—
प्रभूघरबाट जुन दिन आएथ्यो
वीरको दल ।

प्रभूघर तिरै फिऱ्यो जुन दिन
वीरको दल
त्यो दिन फेरि लुक्यो नि कता
विपुल बल ।

धनु काँड़ असि कता गयो खसी
मुसुक्क हाँस्यो गजब शान्ति,
हिँड़ि गए राखी सारा जीवनका
सकल फल—
प्रभूघरतिरै फिरे जुन दिन
वीरको दल ।

६२

मरण जो दिन आँखिरी दिन
आउला तिम्रो सँघारमा
सो दिन तिमी उलाई के दिने धन !

मेरो भरिलो जिन्दगानी
राखिदिउँला अगाडि तानी,
रित्तो हातले विदा गर्दिन उनलाई—
मरण जो दिन आउला मेरा अगाडि ।

कति शरद वसन्त रात,
कति संध्या कति प्रभात
जीवन घैला भरियो रसले
कति फले कति फुले
मेरो हृदयमा कति झुले
दुःखसुखको घामछायाको छुवाइमा ।

जे जति मेरा संचित धन
येति दिनका सब आयोजन
आंखिरी दिन सजाई दिउँला उनलाई
मरण जो दिन आउला मेरा अगाडि

ए हौ मेरो यही जीवन को
शेष परिपूर्णता
मरण, मेरो मरण, तिमी
गर मसँग कुरा।

सारा जनम तिम्रा लागि
प्रतिदिन ज्यू बस्छु जागी,
नाउमा तिम्रो बहाइ हिंड्छु
दुःख र सुख व्यथा।

मरण, मेरा मरण, तिमी
गर मसँग कुरा।

जे जे पाएँ जे जे भयो,
जे जति आशा मेरो थियो,
नजानी धाउँछु पीउन तिमी
चिताई भलो भलो,

तिमीसँग मिलन होला
एउटा शुभ झलकमा
होउँला जीवन वधू
नित्य अनुगता।
मरण, मेरा मरण, तिमी
गर मसंग कुरा।

६४

जाने दिनमा यै कुरा म
भनेर जान्छु—
जे कुरा देखें जे कुरा पाएँ—
ती बेजोड़ मान्छु।

यही ज्योति समुद्रमाझ
जो शतदल पद्म छ राज
गरें त्यही मधु रस पान
धन्य म ता छु—
जाने दिनमा यै कुरा म
जनाइ जान्छु।

विश्वरूपको खेलघरमा
कति कति खेलें खेल,
देखें अपरूप त्यहीं
आँखाले पाइ मेल।

जसलाई छुन नसकिने
सकल जीउमा अँगालो दिए।
यही ठाउँमा सकिदिने भए
वरु ता सकिदेउ
जाने दिनमा यै कुरा म
जनाइ जान्छु।

रूप सागरमा डुबिदिएँ
पाउन अरूप रत्न;
घुम्दिन अब घाट घाट
नाउ हेलाई जीर्ण ।

वेला भयो कि अब वेला
छाल माथि धलपल हुने वेला,
डुबेर भरी सुधा पुरिई
अमर भई बस्छु मरी ।

जो गान कानले नसुनिने
त्यो गान जहाँ छ नित्य बजने,
प्राणको वीणा लिएर जाउँला
त्यहीँ भरी सभा माझमा ।

चिरदिनको सूर बांधेर
आँखिरी गीतमा विरह छांदेर
नीरव उनका दुइ पाउमा
राखि दिउँला नीरव वीणा ।

६६

गीत गाएर खोज्छु म तिमी
मन बाहिर
जीवनमा दिवस चिर।

डोराई लग्यो मेरो गीतले
घर घर द्वार द्वार,
गाई गान गरी इशारा डुल्छु
यही संसार।

त्यही सिको कति सिकायो,
गुप्त बाटो कति देखायो,
चिनाई दियो कति तारा
हृदयकाशमा।

विचित्र सुखदुखको देशमा
रहस्य लोक डुलेर शेषमा
साँझमा ल्याइ पुऱ्यायो
कुन भवनमा।

एउटा नमस्तेमा, प्रभू,
एउटा नमस्तेमा
सकल देह लुटपुट होस्
तिम्रो संसारमा।
साउन घन बादल सरी
झोल भारीले नम्र नुही
एउटा नमस्तेमा, प्रभू,
एउटा नमस्तेमा
समस्त मन पड़िरहोस्
तिम्रो सँघारमा।
नाना सुरका आकुल धारा
मिलाई दिई आत्म हारा
एउटा नमस्तेमा, प्रभू,
एउटा नमस्तेमा
समस्त गान समाप्त होस्
नीरव अनन्तमा।
हंस सरी मानस यात्री,
उसरी सारा दिवस रात्रि
एउटा नमस्तेमा, प्रभू,
एउटा नमस्तेमा
समस्त प्राण उड़िजावस
महामरण पार।

६८

काँस मुठा पारें मैले, मैले
उनें मालतिमाला।
नयाँ नयाँ लिई धानको वाला
सजाई ल्याएँ ड़ाला।

आउ हे शारदलक्ष्मी, तिम्रो
शुभ्र वादलरथमा,
आउ निर्मल नीलपथमा,
आउ धौत श्यामल
उज्यालो झलमल
वनगिरिपर्वत
आउ मुकुट पहिरी सेतो शतदल
श्वेत-शिशिर चाला।

झरुवा मालती फूलमा
बिछाइ आसन कुञ्ज एकान्तमा
भरिलो गंगा कूलमा।
मराल फिऱ्यो दाहिने नुहुन
तिम्रो चरणमूलमा।

सुन वीणामा वजाइ तिम्रो
मधुर तान गुञ्जेला
मधुर झंकारमा।

हाँसो भरी सूर गलेर पर्ला
क्षणिक आँशुमा ।
घरि घरि जो परशमणि
वल्छ कुना कुनामा,

पलक तरी सकरुण परी
मनमा डाकी डाकी
सुन भइजाला सकल भावना
अँधेरो उज्यालो होला ।

६९

सिमाना माझमा असीम तिमी
वजाउ आफनो सूर।
मेरो बीचमा प्रकाश तिम्रो
र ता येति मधुर।

कति वर्ण कति गन्धमा
कति गान कति छन्दमा,
अरुप तिम्रो रूप लीलामा
जाग्यो हृदयपुर
मेरो बीचमा तिम्रो शोभा
येति मधुर।

मेरो र तिम्रो मिलन भए
सकल खुल्ने थिए
छाल खेलाई विश्व सागर
जागी आउने थिए।
छैनत तब उज्यालोमा छाया
मेरो बीचमा पाएर काया
आँशुमा मेरो होला त्यही
सुन्दर विधुर।
मेरो बीचमा तिम्रो शोभा
येति मधुर।

७०

विपद परे बचाउ मलाई
हैन यो मेरो प्रार्थना,
विपदमा जसो कि म नडराउँ ।
व्यथित चित्त ताप र दुःख
यिनमा न द्यौ सान्त्वना
दुःखलाई कतै जित्छु कि त म ।
सहाय मेरो यदि न जुटे
निज बल यो यदि न टुटे,
संसारमा घटेमा खति
पाउँछु खालि वंचना
निज मनमा मान्दिन रति खति ।
मलाई देउ तिमी त्राण
हैन यो मेरो प्रार्थना,
पाउँछु पार यदि शक्ति छ भने ।
मेरो भार सानु पारी
अथवा नद्यौ सान्त्वना
वहन सक्छु येति भयो भने ।
नम्र निधार सुखको दिन
लिन्छु चिनी तिम्रो नयन,
दुखिया रात्रि निखिल धरा
जो दिन गरल वञ्चना
गरोइनँ म तिमीमा शंका ।

७१

आज पानी पऱ्यो झर झर
बादल भरी
आकाश चिरा आकुल धारा
कहीं न अड़ी ।

सालको वन बाट बाट
भरी छिरी झम झम
बगेरगो ठाउँ ठाउँ
मन्दिर परि ।
नाचछ को आज बादल जटा
उड़ाई वरि ।

अरे मेरो मन पनि बग्यो पानीमा
लुटियो झरीमा,
छाति भरि छालपरी
कस्को पऱ्यो पाउमा ।

अन्तरमा आज के कल्लोल,
द्वार द्वारमा भाँचियो आगल,
हृदयबीचमा बिउँझयो पागल
भाद्र आज
आज यसरी मातिएछ को
घर बाहिर ।

तिमीलें मलाई अशेष पार्‍यौ, यही ता तव लीला—
पारेर खाली फेरि भरिदियौ, जीवन नयाँ नयाँ ।

कति जे गिरि कति नदी किनार
डुलछौ लिई यो सानु बांसुरी नहर
कति तान बजायौ फिरी फिरी
कहिले कस्को त्यो हो ।

तिम्रो पियुष छुवाइले, मेरो हियो कलि
विपुल हरषमा सीमा हरायो, फुट्यो अतुल बोली,

मेरो खालि एउटै मुठि भरी
दिएछौ दान दिवस - विभावरी
भएन पूरा कति युग युग भरी
खाली छ ठाउँ अझ कति ।

२३

तिमी खालि एकछिन वसन देउ सँगै
मलाई तिमी नजिकै।
आजदेखि मेरा जति छन् काम सबै
तुछुं म अब पछिवाटै।

नगरी तिम्रो मुख दरशन,
पाएन मेरो हृदयले चैन,
काम गरी गरी घुमूं जति सुकै
कूलहीन सागर सबै।

वसन्त आज आयो उच्छ्वास विश्वास,
लिई मेरो झ्यालमा।
आयो आलस भवँरा भुन्भुनाई,
बगानको आगनमा।

आज म जीवन अर्पण गान,
गाउँछु नीरव वेलामा।

अनेक कालको यात्रा मेरो
अत्यन्त लामो बाटो,
प्रथम पल्ट बाहिर निकलिएँ
रथ-प्रथम किरणको ।

ग्रह र तारा जता ततै
पाइलो हाली आएँ येतै
काटी कति लोक लोकान्तरका
वन र पर्वत ॥

कति नजिकै परी, कति
अति परी दूर
बड़ो कठिन साधना, ह्यही
बड़ो सहज सूर ।

पराई द्वार फिरी, फेरि
स्वदेश पथिक फिरे—
बाहिर भुवन घुमी घुमी
मनका देव मिले ॥

'तिमी ई :' भनी यही कुरा
भनुँला म भनी
कतितिर आँखा घुमाएं
कति बाटो हिंडें ।

जगतमा भरियो लक्ष धारा
'आउ आउको' झरना बह्यो
'खोई तिमी खोई' यही रुवाइमा
नयन जल गल्यो ।

जुन दिन फुल्यो कमल क्यै थाहा पाइनँ ,
म थिएँ अन्यमनस्क ।
मेरो ढकि खाली थियो टिपिन छु त्यो ;
त्यो थियो लुकेर फरक ।

बीच बीच हियो आकुल थियो ,
सपना देखि झस्किन खोजथ्यो ,
मन्द मधुर गन्ध आउँथ्यो
कतैबाट दखिन हावा ॥

अरे त्यै सुगन्धमा मिली उदासी गो
मेरो देश देशमा ।
मानो सन्धानमा निश्वास दिई उठ्यो -
भुवन नयाँ वसन्तमा ।

कलाई थाहा टाढ़ा छैन त्यो ,
मेरो केवल मेरै त्यही जो ;
यो माधुरी फुटेछ हाय रे
मेरो हृदय - उपवनमा ॥

७६.

अब ता लौ हेलिदिनु पर्‍यो
मेरो नाउ ।
तीरनिर बस्छु म जति वेला
मर्छु म भुतु भुतु ।

फूल फुलाउने काम गरी
वसन्त ता गयो उडी ,
झरुवा फूलको ढकि लिएर
भन के गरूँ ।

पानी उठ्यो छलछलिई
छाल उठी उठी ,
पात झरे मरमरिई
विजन वन भरी ।

शून्य मनले कता ताकिश
सकल वतास सकल आकाश
पारीबाट बाँसुरी बजी
उठ्यो पुलकी ।

उज्यालो आलोकमय गरी हे
आयो उज्यालो आलो ।
नयनबाट अँधेरो मेरो
हृदयसमा मिल्यो ।

सकल आकाश सकल धरा
आनन्दी हाँसो भरी पुरा
जतातिर नै लगाएँ आँखो
भलो रे रमाइलो ।

तेरो छ आलो रुखपातमा
जगाई नाची प्राण ।
तेरो छ आलो चरी-गुँड़मा
जगाई दिई गान ।

तेरो छ आलो रमाइल, री
जीउमा मेरो वेस परी
हृदयमाथि निर्मल हात
बोलायो बोलायो ।

७८

देउ हे मेरा भय भाँचिद्यौ ।
मेरातिर ह्यो मुख फिराउ ।

नजिकबाट चिन्दिन नि
कतातिर जे के हेरें नि
तिमी हे मेरा हृद्‌बिहारी
हृदयपान हाँसी चाहु ।

बोल मसँग गर कुरा,
छोइद्यौ सब शरीर मेरा ।
दाहिने हात दिएर नि लौ
मलाई तिमी समातिल्यौ ।

जे बुझ्छु सब भूल बुझ्छु हे,
जें खोज्छु सब भूल खोज्छु हे—
हास्य झूटा, रुवाई झूटा
सामने आइ हे भूल हटाऊ ।

आएर फेरि घेरियो मेरो मन।
आँखामा लाग्यो फेरि आवरण।

कतिपय कुरा फेरि आइ जम्यो,
चित्त मेरो नाना दिशातिर घुम्यो,
दाह क्रमैसँग फेरि फेरि बढ्यो
श्री चरण फेरि हराइगो,

तव नीरव वाणी हृदयतल
डुबेन तल लोक कोलाहल।

सकल बीच साथमा मेरो बस,
मलाई सदा माझमा तिम्रो ढाक,
नियत मेरो चेतना माथि राख
उज्यालो--भरी उदार त्रिभुवन!

कुन उज्यालो प्राणको दीयो
बालेर आयौ पृथिवीतल—
साधक हरे, प्रेमिक हरे,
पागल आयौ पृथिवीतल।

यौ आकुल संसारमा
दुःख आघात प्राणमा तिम्रो वीणा नादमा।
घोर विपदबीच
कुन हँसमुख जननी देख्यौ र हाँस्यौ।

कसको तिमी सन्धानमा
सकल सुख डढ़ाई तिमी घुम्छौ के जानूँ।
यसरी व्याकुल गरी
को रुवाउँछ तिमी जलाई जाती मान्यौ।

तिमरो भावना छैन केही—
साथमा तिम्रो को त्यो साथी सोच्छु म त्यही।
तिमी मरण भुली
कुन अनन्त प्राण सागरमा आनन्द भासियौ।

कहिले म बाहिर आएँ तिम्रै गाइ गान—
त्यो ता होइन आजको त्यो होइन।
भुलिसकें कहिले देखि आएँ तिमीलाई खोजी—
त्यो ता होइन आजको त्यो होइन।

जसरी बग्दछ झरना झरी,
के खोजी खोजी त्यो न जानी,
त्यसरी आएँ धाएर धाई
जीवन धारा बगाई—
त्यो ता होइन आजको त्यो होइन।

कति नामले डाकिसकें,
कति छवि आँकिसकें,
कुन आनन्दमा हिँड्छन् ती
क्यै पत्ता पाइनँ
त्यो ता होइन आजको त्यो होइन।

पुष्प जसरी उज्यालो लागि
नजानी रात काट्दछ जागी
त्यसरी आशा तिम्रो लागि
बस्दछ मेरो मन
त्यो ता होइन आजको त्यो होइन।

८२

सुन्दर, तिमी आज आएथ्यौ प्रात
हातमा लिई अरुण वरण पारिजात।

निद्रित पुरी, पथिक थिएन पथमा,
एकलै तिमी कुद्यौ तव सुवर्ण रथमा,

पलक थामी मेरो झ्यालमाथि चियाउन
चाहयौ गरी करुण नयन पात।
सुन्दर, तिमी आज आएथ्यौ प्रात।

भरेली थियो सपना मेरो कुन गन्धमा,
काम्यो घरेलु अँधेरो क्या आनन्दमा,

धुलाले पूरित नीरव मेरो वीणा,
बज्न लाग्यो अनाहत क्या आघातमा।

कतिवार लाग्यो मनमा उठूँ उठूँ,
आलस त्यागी बाहिर कुदूँ कुदूँ,
जब उठें तब तिमी गइसक्यौ—

देखें बुझें तिम्रो अब अरु पाउँदिन साथ।
सुन्दर, तिमी आज आएथ्यौ प्रात।

८३

चित्त मेरो हरायो आज
मेघमा माझतिर,
कतातिर गो कुदेर कता
जानेन वरपर ।

बिजुली वीणा तार बजायो
आघात गरी बार बार,
छातीमा बीच वज्र बज्यो
क्या महातान ।

पुञ्ज-पुञ्ज भार भार
निविड़ नील अंधकार
सबमा मेरो अंग जुड़्यो,
छरियो प्राण ।

पागल हावा नाच्छ मात्ती
मेरो हुनगो साथमा साथी,
धाउँछ कता चित्कारी त्यो
नमानी वारण ।

८४

जतिबार चाहें बालन उज्यालो
निभिगयो बार बार।
आसन तिम्रो जीवनमा मेरो
जो अति अंधकार।

ती लहराहरु सुकिएका मूल—
काँड़ा खालि बांकी, फुलेन रे फूल,
मेरो जीउनीमा तव सेवा त्यही
वेदनाको उपहार।

पूजा गौरव पुण्यविभव
छैन केही केही लेश
यो तिम्रो पुजारी पहिरी आयो
लज्जाको दीन भेश।

आएन कोही उत्सव उसकोमा,
बजेन बाँसुरी, सजिएन घर,
रोएर तिमी डाकर लि आएँ
थोतरो मन्दिर द्वार।

विश्व जब छ निद्रा मगन,
गगन अंधकार,
को दिन्छ मेरो सितार तारमा
यसरी झंकार।

नीद हरायो आँखामाथि
उठेर बसें ओच्छयान छाड़ी
खोजि हेरें आँखा जोरी
देखन पाइनँ।

न्किएर घन्किएर
बिउँझियो प्राण,
जानिनँ कुन् विपुल वाणी
हाल्छ व्याकुल तान।

के वेदनामा बुझिनँ रे
हृदय मेरो आँशुले भरे,
कलाई पहिराउने अरे
आफनो तिलहरी।

८६

दिवस यदि साझ्ने भए, पंछि न गाउने भए,
क्लान्त हावा यदि न अरु बहे,
गहन कालो चादर ढाकी ममाथि फाल
अति निविड़ घन तिमिरतल—

सपना छरी विपना परी
ढाक्यौ धरणी जसो गरी,
नींदले बन्द आंखामाथि छोपिदियौ जसोगरी,
बन्द गर्‍यौ जसरी कमल दल।

सामल-तुमल सकेर आए पथिक बीचबाटै
क्षतिका गरा प्रस्टिन आए डङ्गै,
लुगा - फाटा मलिन भयो धूलो र अपमानमा,
उसको बल तुहेर गयो झण्डै—
फालेर लाज बनाउ ताजा तिम्रो विहानीमा
राखेर तिम्रो सुधाजलमा।

भंग होला सभा जब, तब
समाप्ति गान के गाइएला।
बरु ता होला कंठहारा
मुखमा ताकिएला।

अहिले जो सूर साधिएन नि,
बज्ला र अरू त्यही रागिनी—
प्रणय व्यथा तान-सुनमा
संध्या गगन फाल्ला छाया ?

यति दिन जो साधिए सूर
दिन रात मेरा मनमा
भाग्यले यदि त्यही साधना
समाप्त भए यही जीवनमा—

यौ जीन्दगीको पूर्ण वाणी
मानसवनको पद्म नानी
भसाउंला शेष सागर खान
विश्वगानको मूल फोरी।

८८

वज्र तपाइँको बज्यो बाजा
ह्यो क्या सहज गान ।
त्यै सुरमा जाग्छु म ता
देऊ ममा त्यही कान ।

भुल्दिन अब सजिलै
हिँड्छ मात्ती मन प्राण माथि त्यै
मृत्युमनि छोपिएको छ
जो अन्तहीन प्राण ।

त्यै आँधी त्यही आनन्दमा
चित्त तार वीणामा
सप्त सिन्धु दश दिगन्त
नचाउ झन्काइमा ।

तानेर लगी आरामबाट
त्यही खाउलामाथि जाक लौ
अशान्तिमनि भित्र छ जहाँ
शान्ति सुमहान ।

मलाई यदि जगाए आज, नाथ,
नफिर न त नफिर, गर
करुण आँखिपात ।

निविड़ वन हरियो परी
आषाढ मेघ वृष्टि झरी,
वादल भरी आलस भरी
सुतेको छ त रात ।

नफिर तिमी नफिर, गर
करुण आँखिपात ।

विरामहीन विजुलीघामा
निद्राहीन प्राण
बरषा जल धारा स-संगै
गाउन चाह्यो गान ।

हृदय मेरो, गहको जल
वाहिर आयो तिमिर तल,
खोज्छ आकाश व्याकुल वल
बढाई दुई हात ।
नफिर तिमी नफिर, गर
करुण आँखिपात ।

६०

आऊ हे, आऊ, सजल घन,
बादल बरषामा—
विपुल लिई श्यामल स्नेह
आऊ यो जीवनमा ।

आऊ हे गिरिशिखर चुमी,
छायाले भरी कानन भूमि
गगन छाई आऊ हे तिमी
गहिरो गरजिइ ।

व्यथित भयो कदम वन
फुलमा पुलकित
छिलिन थाल्यो कल रोदन
नदीको तीरैं-तीर ।

आउ हे आउ हृदय भरी,
आउ हे आउ पिपासा हरी,
आउ हे आँखा शीतल पारी
बाक्ली मनमा आउ ।

शरदमा आज को पाहुना
आए प्राण-द्वारमा ।
आनन्द गान गाउ हृदय
गाउ गान् आनन्दमा ।

नील आकाशको नीरब कथा
शिशिर-भेटी व्याकुलता
तिम्रो आज वजेर उठोस्,
सितार तार तार ।

धान खेतमा गाना सुनको
माथि हाल तान उही खालको,
भासिदेउसूर जल धारामा
भरिलो नदीमा ।

उनको हेर मुखमा छ जो
चाहेर गाढ़ा सुखमा हेर
दइला खोली उनका साथ
जाउ वाहिर तिर ।

६२

निशिथ सपना चुँड़ियोरे लौ,
चुँड़ियो रे,
चुँड़ियो वन्धन चुँड़ियो रे।

रहेन अरु अव प्राणमा आड़,
घुमेर आएँ जगत खान
हृदय कमलका ई सकल
दलहरू लौ छुटिए रे, लौ
छुटिए रे।

आँखिर मेरा दैला खोली
आएर जसै उभियौ तिमी
गहको मुनि भासि हृदय
पाउको मुनि लुटियो रे।

आकाशवाट प्रभात आलोक
पीउन ममा हात वढ़ायो,
कस्को खुला दइलोमा मेरो
हृदय ध्वनि सुनियो रे, लौ
सुनियो रे।

६३

जो हराई जाने अगाडि वसी
रहनु कतिवार।
अरु सकिनँ रात जागन हे नाथ,
सोचन अनिवार।

दिवस राति वस्छु यसै
दइलो थुनि वन्द सधैं,
आउनेलाई झन सन्देह गरी
कोस्दछु वार-वार ।

स्यही ता कोही आएन यहाँ
एक्लो कुटिरमा।
तिम्रो भुवन रमाइलो
खेल्छ वाहिर उहाँ।

तिमीले वुझ्यौ वाटो पाएनौ,
आई आई फिरेर गयौ,
राखन चाहें जो रहेन स्यही
धुलामा एकाकार।

६४

जीउमा मेरो पुलक आयो,
सजल घन नयन—
हृदय मेरो बांध्दछ को
फाली डोरी रंगीन—

आज कल्ले यहाँ आकाशमुनि
जलथलमा फलफूलमा
कत्ति मिठो मन हरण,
उडायो मेरो मन ।

कसरी आज खेलियो खेला
तपाइंको साथ-साथ ।
पाएछु के खोजी घुमेर,
मन छ अकमक ।

आनन्द आज छलिएर कि
रुनछ ल्याई नयन पानी
विरह आज मधुर भई
पारछ प्राण मख्ख ।

आज गन्ध पूरित समिरमा
घुमें वन-वन कसको सन्धानमा ।

रिसाई चूर निलाम्वर माझ
यो के चञ्चल क्रन्दन आज ।
सुदूर दिगन्तिक सकरूण संगीत
वनाई लग्यो मलाई चिन्तित—
कलाई खोज्छु म अन्तरमनमा
गन्धपूरित समिरमा ।

लिई जानिनँ के नन्दन राग
जाग्यो उत्सुक यौवन सुख ।
भरी आम्र मुकुल सौगन्ध
नयाँ - पल्लव मर्मर छन्द,
चन्द्रकिरण सुधा सिञ्चित नभमा
अश्रु रसित आनन्दमा
भएँ पुलकित कस्को छुवाइमा
गन्ध पूरित समिरमा ।

९६

एउटा - एउटा गरी तिमी
पुरानो तार खोल,
सितारलाई नयाँ-नयाँ पार,

उठिसक्यो दिनको मेला,
वसला सभा सन्ध्या वेला,
आँखिरी सूर वजाउला तार
आउने वेला भयो—
सितारलाई नयाँ-नयाँ पार।

दइलो खोलिद्यौ तिम्रो उता
अँधेरो आकाश परि,
सप्त लोकको नीरवता
आवस घर भरी।

यति दिन जो गाएउ गान
आज यही होस् अवसान
यो यन्त्र तपाइँको यन्त्र
भन्ने कुरा विरसेर
सितारलाई नयाँ-नयाँ पार।

होइन मेरो यो डरुवा प्रेम,
होइन हीन वल,
खालि के भने व्याकुल भई
पोख्दछ अश्रु जल ।

मन्द मधुर सुख शोभामा
घुमाई गाज्यौ किन प्रेममा
जागने चाह छ तिमी साथ-साथैं
आनन्द पागल ।

नाच्दा भीषण साजवाजमा
तीव्र तालको घिन्ताङ्मा,
डराइ भागें लजाई भागें
सन्देह विह्वल ।

त्यही प्रचण्ड रमाइमा
प्रेमले मलाई वरेको होकि,
मिहिन आशा उसको स्वर्ग
वाट ह्यो रसातल ।

९८

चिर जनमको वेदना,
अरे चिर जीवनको साधना,

बलोस आगो जली तिम्री दनदन,
ममाथि दुर्बल भनी कृपा नगरन,
जति ताप पाउँ सहन म चाहुँ—
भुसियोस् छाइँ वासना ।

अमोघ जो डाक त्यही डाक देउ,
अरु ढीला किन झुटा ।
जे जति जुइनो छातिमा छ गाँठिएको
चुँडेर झरोस् यताउता ।

तपाइँको प्रखर शंख ध्वनी
फुकेर घन्कोस अब घन घनी,
गर्व तुहेर निद्रा छुटेर,
जागोस् तीव्र चेतना ।

फुलाउ फूलसरी तिमी खिलाएर गान,
हे मेरा नाथ, यही ता तपाइंको दान।

ओहो त्यो फूल देखेर आनन्दमनि डुबें,
मलाई भनी उपहार दिन आए,
तिमी निजहात भरी माया गरी लेउ हाँसी,
दया गरी प्रभू राख मेरो अभिमान।

त्यस पछि यदि पूजा सकिए पछि
यो गान झरेर माटोमा मिले पनि
केही खति नहुने छ प्रभुहात भरी परी,
अजश्र धन कति लुटे, कति टुटे,
त्यो ता मेरो जीउनीमा एक पल खालि फुल्यो,
चिरकाल तक सार्थक गरी प्राण।

१००

भरी छ मेरो हृदय भरी भरी,
अवता जो खुशि त्यही गर।
यसरी यदि वेस भितरी
वाहिरवाट सकल मेरो हर।

सव पिपासा जहाँनेर अवसान
त्यहीँ नेर यदि पूर्ण गरे प्राण,
त्यहाँदेखि पर मरुभूमि माझ
उठे घाम उठोस् खरिएर।

खेल्ने गऱ्यौ यही खेल कति छली
लाग्छ रमाइलो यही खेल मलाई।
एकातिर भासिद्यौ आँशुको भल,
अर्कातिर जगाइद्यौ मधुहास।

लाग्दछ जव सब हराएँ मती
गहिरातिर पाउँछु म उनलाई,
फालिदियौ मने काखवाट पर
मलाई लिई फेरि छातीमा भर।

को भन्छ सबै फालि जाने
मरण आयो काखमा मने ।
जीवनमा जे जे लिईथिस्
मरणमा पनि पर्छ लिन ।

भरिलो भण्डारमा आई
खाली हात जाने अनि ।
लिन लायकका जे जे होलान्
राम्ररी लिईजान मान् ।

कमाईका ती अनेक भारी
सँगालेथिस् जो निरवधि ,
वाँचलास, जानेवेलामा
भताभुतुङ्ग पारी गए यदि ।

आईस यहीं पृथिवीमा ,
यहीं पो सजाउनुत—
हिड़न राजपोसाक लाई हांसी
मृत्युपरिको चाहाड़मा ।

१०२

डाक डाक डाक मलाई
प्रभुको स्निग्ध शीतल गभीर
पवित्र तममा ।

तुच्छ दिनका क्लान्ति ग्लानि
लाँदोछ जीवन धुलोमा तानी
सारा कालका वोली मनका
सहस्र कशमा ।

मुक्त गर हे मुक्त गर मलाई ,
प्रभुको निविड नीरव उदार
अनन्त तममा ।

नीरव राति हराएर बोली
मिसाउ मेरा वाहिरै वाहिरी,
देखियोस मेरो अन्तरतम
अखण्ड रूपमा ।

विश्वसाथै जहाँ रमाई हिँड्छौ
त्यही ठाउँमा मलाई पनि तिमी भेट्छौ।

विजनतिर, नता वनमा,
होइन नता मेरो मनमा,
सबका तिमी आफना जहां हे प्रिय,
त्यहीँ नेर मेरा तिमी पनि।

सबकालागि जहाँ अँगालो दिनेछौ
त्यहीँ नेर नै प्रेम जागला मेरो।
नरहला प्रेम घर कुनामा,
उज्यालो सरी छरिई जाला,

सबका तिमी आनन्द धन हे प्रिय,
आनन्द त्यही हो मेरो।

१०४

आकाशमुनि फुलेछ फूल
प्रकाश शतदल ।
थरी थरी गरी पत्र झरी
छरिए, दश दिसा भरी,
छोपिदिएछन् अन्धकार
निविड़ कालो जल ।
माझमा मछु सुन-कोषमा
वसेर भाइ आनन्दमा—
मलाई घेरी छरी वरी
प्रकाश शतदल ।
आकाशमा वाढ़ी लिएर
वतास चल्यो वही ।
चारतिर गान वजि उठयो,
चारतिर प्राण नाचिदियो,
गगन भरी परश आई
छोयो शरीर भरी ।
वुडेर मनि प्राणको पानी
लिँदोछु, प्राण भरेर छाती
फिरी फिरी मलाई घेरी
वतास चल्यो वही ।

दस दिशामा पोल्टा थापो
थाप्छ पृथिवी काख ।
जता-जता छन् जीव जति छन्
लिँदोछ दिएर डाक,
हात हातमा पात-पातमा
दिँदोछ अन्न बाँडी ।

मनमा भरी गीत र गन्ध,
लिएर वसे महानन्द,
मलाई राखी पोल्टा भरी
लिँदोछ पृथिवी काख ।

उज्यालो, प्रणाम छ, मेरो
छिनाल अपराध ।
ललाटमा मेरो राख
बाबुको आशिर्वाद ।

वतास, प्रणाम छ, मेरो
उडाउ अवसाद ।
सकल जीउमा वोलाइद्यौ
बाबुको आशिर्वाद ।

पृथिवी, प्रणाम छ, मेरो
पुऱ्याउ मनोरथ ।
घर भरी पारेर देउ
बाबुको आशिर्वाद ।